# सानीभेरी गाउँपालिका लघु जलविद्युत उपभोक्ता संस्थाहरुलाई अनुदान सम्वन्धि कार्यविधि, २०७५

गाउँकर्यपालिकाबाट स्वीकृत मितिः २०७५/१२/२०

प्रमाणिकरण मितिः २०७५/१२/२२

प्रस्तावनाः सानीभेरी गाउँपालिकाभित्र रहेका जनसमुदायमा विद्युत आपूर्ति गरी उज्यालो गाउँपालिका घोषणाको आधार तयार गर्न गाउँपालिकामा सूचीकृत भएका लघु जलविद्युत योजना निर्माण र सञ्चालन उपभोक्ता संस्थाहरुलाईं लघु जलविधुत उत्पादन, निर्माण,मर्मत,संकट उद्धार र संरक्षण,व्यवस्थित तथा स्तरउन्नत गर्नको लागि सानीभेरी गाउँपालिकाबाट अनुदान रकम बिनियोजित गरीखर्च गर्नका लागि नेपालको संविधान २०७२ को अनुसूचि ८ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ अनुसार तथा सानीभेरी गाउँपालिका सरकार सञ्चालन ऐन २०७४ को दफा ३ र ४ अनुसार यो अनुदान साह्यता कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " सानीभेरी गाउँपालिका लघु जलविद्युत उपभोक्ता संस्थाहरुलाई अनुदान सम्वन्धि कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका वैठकबाट पास भएको मितिदेखि गाउँपालिकाभरी लागु हुनेछ।

(३) यो कार्यविधि सानीभेरी गाउँपालिका भित्रका लघु जलविद्युत उपभोक्ता समितिहरुलाई एकमुष्ट अनुदान प्रदान दिने प्रयोजनमा लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन "ऐन" २०७४ सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले सानीभेरी गाउँपालिका भित्र संचालित लघु जलविद्युत उपभोक्ता संस्थाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि, २०७५ सम्झनुर्छ।

(ग) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

(घ) "कार्यापालिका" भन्नाले सानीभेरी गाउँकार्यापालिका सम्झनुपर्छ।

(ङ) "अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिका अध्यक्ष सम्झनुपर्छ।

(च) " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सानीभेरी गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

(छ) "लघु जलविधुत उत्पादन" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भरी विधुत पुऱ्याइ उज्यालो गाउँ पालिका लागि लघु जलविधुत उत्पादन सम्झनुपर्छ।

(ज) "निर्माण र मर्मत" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भरी विधुत पुऱ्याइ उज्यालो गाउँ पालिका लागि निर्माण र मर्मत सम्झनुपर्छ।



नरबहादुर पुन
अध्यक्ष

(झ) "संकट उद्धार र संरक्षण अनुदान" भन्नाले वैकल्पिक उर्जा व्यस्थापन वाट न्युन अनुदान भई लघु जलविद्युत योजना सञ्चालन गर्नसंकट अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिन संकट उद्धार र संरक्षण अनुदान सम्झनुपर्छ।

(ञ) "सूचिकृत" भन्नाले सानीभेरी गाउँपालिका सरकारको निर्देसन, नियन्त्रण र नियमन स्वीकार गरी अनुदान शर्तको लागि सूचिकृत सम्झनुपर्छ।

## ३. अनुदानको ब्यवस्थाः

(१) नेपाल सरकार वैकल्पिक उर्जा व्यस्थापन वाट न्युन अनुदान भई लघुजलविद्युत योजना ऋणमा संचालन हुन नसकेको अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिने उद्देश्यले विद्युत उत्पादन संचालन खर्चमा अनुदान दिइने छ।

(२) यस गाउँपालिकाको गाउँसभाबाट बिनियोजित उर्जा तर्फको बजेट अन्तर्गतको रकमबाट एकमुष्ट अनुदान दिइनेछ। यस्तो अनुदान लघुजलविद्युत उपभोक्ता समिति, जलविद्युत संस्था, जलविद्युत योजना, सार्वजनिक क्षेत्र, सामुदायिक क्षेत्र,तथा साझेदारी क्षेत्र, बाटगाउँपालिका संग समन्वय गरी सञ्चालित जलविद्युत योजनाहरु विद्युत आपूर्ति गरीरहेका सस्थाहरुलाई अनुदान दिइनेछ।

(३) उपदफा (२)बमोजिमका लघु जलविद्युतलाई यस सानीभेरी गाउपालिकाको गाउँसभाबाट बिनियोजित भई पारित भएको बजेटलाई माग र कार्यप्रकृतिको अवस्था हेरी शर्त वमोजिम एकमुष्ट अनुदान प्रदान गर्दा गरिनेछ।

## ४. अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

(१) दफा ३ बमोजिम अनुदान प्राप्त गर्न सानीभेरी गाउँपालिकाभित्रका लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना,लघु जलविद्युत उपभोक्ता समितिहरुले देहाय बमोजिमका विबरण खुलाई सानीभेरी गाउँपालिकामा निवेदन दिनुपर्नेछः-

(क) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, तथा लघु लघुजलविद्युत उपभोक्ता समितिको भुक्तानी गरीगाउँ भन्ने व्यहोराको निवेदन,

(ख) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, तथा लघु लघुजलविद्युत उपभोक्ता समितिकोलागत अनुदान सहितको काम सम्मन्न भएको समितिको निर्णय,

(ग) उक्त योजनाको दर्ता, नविकरण प्रमाणपत्र,

(घ) गत आ. व. को कर चुक्ताको प्रमाणपत्र,

(ङ) आ. व. को लेखापरिक्षण प्रतिवेदन,

(च) सस्थाको साधारण सभाको निर्णय,

(छ) नयाँ निर्माण गर्दाको अवस्थामा स्वीकृत लागत स्टामेट गाउँपालिका वा विद्युत प्राधिकरण का कर्मचारीको प्राविधिक स्टामेट,

(ज) सम्बन्धित वडा कार्यलयको सिफारिस।

(झ) गाउँपालिकामा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी ।

उक्त कागजातहरु संलग्न गराएमा भुक्तानी दिइनेछ।



नरबहादुर पुन
अध्यक्ष

५. निरीक्षण तथा अनुगमन सम्झौता अनुसारको कार्य भएनभएको सम्बन्धमा जानकारी लिन गाउँपालिकाले निरीक्षण वा अनुगमन गर्नेछ। यसरी निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

६. **बाझिएमा:** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४, संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

७. **कारबाही:** यस कार्यविधि विपरीत आर्थिक अनुदान तथा सहयोग वितरण गरिएमा, त्यस्तो आदेश दिने, आदेश दिन सिफारिस तथा सहयोग गर्ने र भुक्तानी गर्ने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनछ। साथै कर्मचारीका हकमा सेवा सम्बन्धी ऐन नियम बमोजिम विभागीय कारबाही समेत गरिनेछ।

९. **बचाउ:** यो कार्यविधि जारी हुनुभन्दा पहिले भएगरेका आर्थिक सहायता, अनुदान तथा सहयोगहरू यसै कार्यविधि बमोजिम भएगरेका मानिनेछन्।



नरबहादुर पुन
अध्यक्ष